# बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
बेलबारी, मोरङ
१ नम्बर प्रदेश नेपाल

प.स. : २०७७।७८ ☎०२१-४३४२५९
च.नं.: ०२१-४३४२१३

मितिः २०७७/११/११

## पकेट विकास कार्यक्रमका लागी प्रस्ताव आव्हान सम्बन्धी सूचना ।

चालु आ. व. २०७७/०७८ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, बेलबारी नगरपालिका अन्तर्गत तपसिलका क्षेत्रहरुमा निम्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले पकेट सञ्चालन मापदण्ड पुर्याउन सक्ने इच्छुक कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन भित्र अर्थात् (मिति २०७७।११।२५ गते भित्र) कृषि विकास शाखा बेलबारी-२ लालभित्तिमा तोकिएको ढाँचा अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै यस बिषयमा थप जानकारीका लागि फोन नम्बर ९८५२०७५३१६, ९८४२४६७५९६, ९८४२२४०५३१, ९८६२४००२१५ मा सम्पर्क गर्न सकिनेछ ।

| क्र. सं. | पकेटको विवरण | इकाई | सञ्चालन मापदण्ड | कैफियत |
|---|---|---|---|---|
| १ | बंगुरको पकेट विकास कार्यक्रम | संख्या | १०० | बंगुर |
| २ | खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बाली (मकै/तरकारी/दलहन/तेलहन/कन्ये च्याउ) वस्तुको पकेट विकास कार्यक्रम | बिघा | ३० | खाद्यान्न/तरकारी |
| | | बिघा | १५ | दलहन |
| | | के.जि. | १००० | च्याउको बिउ |

**आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु :**

- सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
- कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जगा भएमा कम्तिमा ५ बर्षको सम्झौतानामा ।
- निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्र ।
- कार्य समितिको निर्णयको प्रतिलिपि ।
- निवेदन, सम्बन्धित वडा कार्यालयको सिफारिस ।

आवेदनको ढाँचा पशुपन्छि सेवा शाखा वा कृषि विकास शाखा लालभित्ति बाट प्राप्त गर्न सकिनेछ ।

०७७।११।११

..................

प्रदिप शाह
प्रमुख प्रशासकीय अधिकृत